नेपाल सरकार

**मा. गिता चौधरी**
**मन्त्री**
**कृषि, वन तथा पर्यावरण मन्त्रालय**

सिंहदरबार, काठमाडौं
इमेल: gc.tharu07@gmail.com

**शुभकामना**

२३औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव, २०८३

"जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि" मूल नाराका साथ मनाइँदै गरेको २३औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव, २०८३ को अवसरमा कृषक दिदीबहिनी, दाजुभाई एवं सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपालका विभिन्न समुदायको धर्म, संस्कृति, परम्परासँग गाँसिएको धान बाली अधिकांश नेपालीको खाद्य र पोषण सुरक्षाका दृष्टिले महत्वपूर्ण अन्नवाली हो। यसका साथै, स्थानीय/रैथाने तथा जंगली धानको संरक्षण, संवर्धन र उपयोगले आनुवंशिक विविधता, जलवायु सहिष्णुता, दिगो कृषि, दीर्घकालीन खाद्य सुरक्षा र जैविक विविधता संरक्षणमा अतुलनीय योगदान पुर्याउँछ।

धानवाली तथा चामलको आयातलाई न्यूनीकरण गर्न वर्षे तथा चैते धानको क्षेत्रफल विस्तार, उन्नत जात विकास, प्रविधि हस्तान्तरण, सिचाई तथा उत्पादन सामग्रीमा पहुँच विस्तार एवं मूल्य सुनिश्चितता अत्यावश्यक छ। साथै, स्थानीय तथा जंगली धानका जातहरूको पहिचान, संकलन, संरक्षण गर्दै जलवायुमैत्री जात विकासलाई पनि उच्च प्राथमिकता प्रदान गर्नुपर्छ।

धानवालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु पर्ने आवश्यकताकाबीच जलवायु परिवर्तनले निम्त्याएको चुनौती सामना अपरिहार्य रहेको परिप्रेक्षमा यस वर्षको "**जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि**" नारा अत्यन्तै सान्दर्भिक रहेको छ। यस सन्दर्भमा, कृषि, वन तथा पर्यावरण मन्त्रालयले धानवालीलाई नीति, रणनीति, आवधिक योजना र वार्षिक कार्यक्रममा प्राथमिकता राख्दै जातीय विकास, उन्नत वीउ-विजन, प्रविधि प्रसार, मलखाद तथा यन्त्रको पहुँच वृद्धि, न्यूनतम समर्थन मूल्यको कार्यान्वयन, र स्थानीय/जंगली धानको संरक्षण/व्यवस्थापनलाई प्रभावकारी रूपमा अघि बढाइरहेको छ।

अन्त्यमा, २३औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव, २०८३ को अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दै "जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि" नारालाई सार्थक तुल्याउन तीनै तहका सरकारी निकाय, गैरसरकारी संघ, संस्था, कृषि प्राविधिक, विकास साझेदार, स्थानीय तथा जंगली धान संरक्षणमा क्रियाशील समुदाय लगायत विभिन्न सरोकारवाला निकाय तथा सम्पूर्ण कृषक दिदीबहिनी र दाजुभाईमा सामूहिक प्रयासका लागि आह्वान समेत गर्दछु।

२०८३ असार १५, सोमबार

.................................................
गीता चौधरी
मन्त्री, कृषि, वन तथा पर्यावरण

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण मन्त्री

Scanned with CamScanner